नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(योजना तथा अनुगमन शाखा)

पत्र संख्या : ०७९/०८०

चलानी नं. : २१२

मिति:- २०८०/०२/०९

**विषय : दिगो विकास लक्ष्य निर्देशक समितिको वैठकका निर्णयहरु सम्वन्धमा ।**

**श्री स्थानीय तह (सबै)**

राष्ट्रिय योजना आयोगको च.नं. SDIR/१०० मिति २०८०।०२।०३ को पत्रसाथ प्राप्त मिति २०७९।१२।२४ गते शुक्रवार सम्माननीय प्रधानमन्त्री तथा योजना आयोगका अध्यक्षज्यूको अध्यक्षतामा वसेको दिगो विकास लक्ष्य निर्देशक समितिको वैठकका निर्णयहरु जानकारी तथा आवश्यक कार्यान्वयनको लागि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(द्रोणराज निरौला)
शाखा अधिकृत

**वोधार्थः-**
श्री सूचना प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- Web Site मा upload गरिदिनुहुन ।

मिति २०७९/१२/२४ गते दिगो विकास लक्ष्य केन्द्रीय निर्देशक समितिका संयोजक सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको अध्यक्षतामा बसेको दिगो विकास लक्ष्य केन्द्रीय निर्देशक समितिको बैठकका निर्णयहरू:

१. दिगो विकास लक्ष्यको कार्यान्वयन प्रक्रियालाई तीव्रता दिने। यसमा सबै मन्त्रालय, प्रदेश तथा स्थानीय तहहरूले आ-आफ्नो क्षेत्राधिकारभित्र पर्ने लक्ष्यहरू प्राप्ति गर्न आवश्यक रणनीति बनाई लागु गर्ने।
२. राष्ट्रिय योजना आयोगले निर्णय गरे अनुरूप आवश्यकता र तथ्याङ्क प्राप्तिको आधारमा अनुगमन तथा प्रतिवेदन गर्न सम्भव हुने गरी दिगो विकास लक्ष्यका सूचकहरू परिमार्जन गरी ३०१ कायम गर्ने।
३. दिगो विकास लक्ष्यको स्थानीयकरणमा जोड दिने। सबै प्रदेश र स्थानीय तहले आधार तथ्याङ्क तथा सन् २०३० सम्मको लक्ष्य तोकी सूचक तयार गर्ने र योजना तथा बजेटमा आन्तरिकीकरण गरी कार्यान्वयन गर्ने।
४. नेपाल सरकारका सबै मन्त्रालय तथा निकायहरू र प्रदेश तथा स्थानीय तहले आफूसँग सम्बन्धित सूचकहरूको प्रगतिको अवस्था राष्ट्रिय तथ्यगत प्रणाली (National Data Profile) मा नियमित रूपमा अद्यावधिक गर्ने।
५. राष्ट्रिय योजना आयोगका सदस्यहरूलाई यस निर्देशक समितिमा सदस्यको रूपमा समावेश गराउने।
६. दिगो विकास लक्ष्य कार्यान्वयनमा निजी क्षेत्र, सहकारी क्षेत्र, विकास साझेदार, गैरसरकारी क्षेत्र तथा अन्य सबै सरोकावालासँगको सहकार्यलाई थप प्रभावकारी बनाउने। यसका लागि यस निर्देशक समितिमा निजी क्षेत्र, सहकारी क्षेत्र र गैरसरकारी संस्थाको तर्फबाट १/१ जना प्रतिनिधि स्थायी आमन्त्रित सदस्यका रूपमा सहभागी गराउने।
७. परिवर्तित अवस्था र सन्दर्भ अनुरुप बाँकी अवधिमा दिगो विकास लक्ष्य प्राप्तिका लागि हालसम्मको प्रगतिको समीक्षा गरी आवश्यकताको पहिचान, लागत अनुमान र वित्तीय रणनीति सम्बन्धी प्रतिवेदन परिमार्जन गर्ने।
८. यस दिगो विकास लक्ष्य केन्द्रीय निर्देशक समितिको नाममा "केन्द्रीय" शब्दावलीको सट्टा "राष्ट्रिय" शब्दावली प्रयोग गर्ने र समितिको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार स्वीकृत गर्ने।

देहायः

(क) दिगो विकास लक्ष्य कार्यान्वयनको समग्र अनुगमन गरी आवश्यक निर्देशन दिने।

(ख) दिगो विकास लक्ष्य कार्यान्वयनको लागि आवश्यक आन्तरिक तथा बाह्य स्रोत व्यवस्थापनको सहजीकरण गर्ने।

(ग) दिगो विकास लक्ष्य कार्यान्वयन तथा अनुगमन समितिको तर्फबाट समग्र कार्यान्वयन प्रक्रिया सम्बन्धमा प्रतिवेदन प्राप्त गर्ने।

(घ) दिगो विकास लक्ष्य कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तह तथा निजी क्षेत्र र अन्य सरोकारवालालाई आवश्यक रणनीति बनाई कार्यान्वयन गर्न निर्देशन र सहजीकरण गर्ने।

(ङ) दिगो विकास लक्ष्यको आन्तरिकीकरण र स्थानीयकरण गर्न मार्गदर्शन गर्ने।

(च) दिगो विकास लक्ष्य कार्यान्वयन र अनुगमन तथा मूल्यांकन एवं प्रतिवेदनका लागि आवश्यक नीति निर्माणमा निर्देशन र सहजीकरण गर्ने।